# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) तथा नियमावलीको नियम(३) बमोजिम प्रकाशन गरिएको त्रैमासिक विवरण

आन्तरिक राजस्व कार्यालय, ठमेल

आर्थिक वर्ष २०८०/०८१

अवधि २०८० कार्तिक देखि पौषसम्म

| सि.नं. | शीर्षक | विवरण |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृती | कर प्रणालीलाई शासन व्यवस्थाको मेरुदण्डको रूपमा लिइन्छ । सुदृढ कर प्रणालीका माध्यमबाट नै राज्य प्रभावकारी ढंगले सञ्चालन हुने, दिगो आर्थिक विकास हाँसिल हुने र सेवा प्रवाह प्रभावकारी भई सुशासन कायम हुन्छ । कर प्रणाली अन्तर्गत कर नीति, कर कानून, कर प्रशासन र करदाता समेटिएका हुन्छन्। समय सापेक्ष कर नीति, सरल कर कानून, इमान्दार करदाता, पारदर्शी एवं जिम्मेवार र व्यावसायिक कर प्रशासन कर प्रणालीका आधार हुन्। अतः कर प्रणालीका तत्वहरु मध्ये प्रमुख रहेको कर प्रशासनलाई अझ सुदृढ, दक्ष, आधुनिक र प्रविधियोग्य बनाई मितव्ययी तवरबाट करदातालाई प्रदान गर्ने सेवामा प्रभावकारिता ल्याई अधिकतम राजस्व परिचालन गर्नका लागि, करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा, तथ्य एवं सूचनामा आधारित अनुसन्धान, कर कानूनहरूको प्रभावकारी एवं कुशल कार्यान्वयन गर्ने उद्देश्यका साथ साविक मिति २०६८/०१/१९ मा करदाता सेवा कार्यालयका रुपमा स्थापित यस कार्यालयले मिति २०७५/०४/१६ देखी आन्तरिक राजस्व कार्यालयमा स्तरोन्नती भई करदाता सेवा, कर संकलन र कर परीक्षण तथा अनुसन्धान सम्बन्धी सेवा प्रवाहमा केन्द्रित भई का.म.पा-वडा नं. १७,१८,२५ र २७ को क्षेत्राधिकारमा नतिजामूखी कर प्रशासनको जिम्मेवारीमा रहेको छ।<br>प्रभावकारी कर शिक्षा र करदातामैत्री व्यवहारको माध्यमबाट मुलुकको आन्तरिक स्रोत परिचालनमा बढोत्तरी ल्याउने प्रमुख ध्येयका साथ 'स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासन; सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन" मूल नाराका साथ यस कार्यालयले आफ्ना गतिविधिहरु लक्षित गरी कार्य गर्दै आएका |

| | | |
|---|---|---|
| | | छन्। जसले गर्दा कर कानूनको परिपालनामा सहजता आउनुका साथै कर संकलनमा उल्लेख्य मात्रामा वृद्धिको उद्देश्य र अपेक्षा गरेको छ। । |
| २. | निकायको काम,कर्तव्य र अधिकार | ❖ व्यवसाय दर्ता तथा खारेजी,<br>❖ कारोवारको विवरण अध्यावधिक (PDCR),<br>❖ करचुक्ता प्रमाणपत्र जारी,<br>❖ बक्यौता असूली,<br>❖ र्‍यापिड अडिट,<br>❖ पुर्ण कर परीक्षण, अनुसन्धान सम्बन्धी कार्यहरु<br>❖ बजार अनुगमन,संकलन भ्रमण<br>❖ सम्बन्धीत ऐन, कानुन बमोजिम तोकिएका अन्य कार्यहरु आदि । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण | प्रमुख कर अधिकृत १, कर अधिकृत ९ जना सहित २७ जना कर्मचारी रहेका छन्।<br>**शाखागत कार्यविवरण**<br>**१. सेवा शाखा**<br>❖ व्यवसाय दर्ता गर्ने,<br>❖ व्यक्तिगत स्थायी लेखा नं जारी गर्ने,<br>❖ बायोमेट्रिक गर्ने,<br>❖ कारोवारको विवरण अद्यावधिक गर्ने(PDCR),<br>❖ कर चुक्ता प्रमाणपत्र जारी गर्ने,<br>❖ व्यवसायको ठाउँसारी तथा गोदाम प्रमाणित गर्ने,<br>❖ र्‍यापिड अडिट सम्बन्धी कार्य गर्ने,<br>❖ व्यवसायको ठाउँ सारी गर्ने<br>❖ व्यवसाय खारेजी सम्बन्धी कार्य,<br>**२. सङ्कलन शाखा** |

| | | |
|---|---|---|
| | | ❖ आयकर तथा मूल्यअभिवृद्धि कर बक्यौता असूली सम्बन्धी कार्य,<br>❖ संकलन भ्रमण अनुगमन,<br>❖ राजस्व भौचर संशोधन (Voucher PDCR),<br>❖ मूल्य अभिवृद्धि कर समायोजन सम्बन्धी कार्य गर्ने,<br>❖ कर कानून बमोजिम कानूनी कारवाही सम्बन्धी कार्य<br><br>**२. कर परीक्षण तथा अनुसन्धान शाखा**<br><br>❖ पुर्ण कर परीक्षण सम्बन्धी कार्य<br>❖ अनुसन्धानमूलक कर परीक्षण सम्बन्धी कार्य<br>❖ चालु वर्षको कर परीक्षण सम्बन्धी कार्य<br>❖ अग्रिम कर कट्टी परीक्षण<br>❖ बजार भ्रमण/स्थलगत भ्रमण<br>❖ कर कानून सम्बन्धी अन्य अनुसन्धान तथा कर परीक्षण।<br><br>**३. आर्थिक प्रशासन शाखा**<br><br>❖ आन्तरिक राजस्व विभागबाट प्राप्त अख्तियारी आम्दानी बाध्ने ।<br>❖ विभिन्न खर्च शीर्षकहरूमा खर्च गर्नको लागि गोश्वारा भौचर तयार गर्ने ।<br>❖ गोश्वारा भौचर अनुसार भुक्तानी आदेश तयार गरी स्वीकृतिको लागि पेश गर्ने ।<br>❖ स्वीकृत भुक्तानी आदेश को.ले.नि.का. पठाई निकाशा लिने र खर्च गर्ने ।<br>❖ कार्यालयमा प्राप्त हुन आएको धरौटी रकम धरौटी खातामा जम्मा गर्ने, नियमानुसार फिर्ता गर्ने, सदर स्याहा गर्ने र फाँटवारी तयार गरी प्रतिवेदन गर्ने । |

| | | |
|---|---|---|
| | | ❖ आर्थिक प्रशासनसँग सम्बन्धित श्रेस्ता सुरक्षित साथ राख्ने<br>❖ कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराउने र महालेखा परीक्षकको कार्यालयबाट खटि आएको टोली समक्ष अन्तिम लेखा परीक्षण गराउने ।<br>❖ लेखा परीक्षणबाट बेरूजु देखिन आएमा विनियोजन,धरौटी,जिन्सी तर्फको संपरीक्षण गराउने र फछ्यौंट गराउने ।<br><br>**४.प्रशासन शाखा**<br>❖ कार्यालयको दर्ता,चलानी तथा चिठ्ठीपत्र आदान प्रदानलाई व्यवस्थित बनाउने,<br>❖ खरिद भएका सामानहरूको बिल संलग्न राखी दाखिला रिपोर्ट बनाई जिन्सी खातामा आम्दानी बाध्ने,<br>❖ जिन्सी खाताहरु अद्यावधिक गर्ने,<br>❖ कार्यालयमा रहेका प्रयोगमा ल्याउन नसकिने पुराना र जीर्ण जिन्सी सामानहरूको लगत तयार गरी लिलाम सम्बन्धी कार्य गर्ने,<br>❖ आर्थिक वर्षको अन्तिममा जिन्सी निरीक्षण गराउने,<br>❖ जिन्सी सामानहरू भण्डारणमा सुरक्षित साथ राख्ने,<br>**५. फाइलिङ शाखा**<br>❖ फाईल संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य, |
| ४. | **निकायबाट प्रदान गरिने सेवा** | यस कार्यालयले प्रदान गर्ने सेवाको नागरिक वडापत्र अद्यावधिक गरी राखेको छ । |
| ५. | सेवा प्रदान गरिने निकायको शाखा र जिम्मेवार अधिकारी | सेवा शाखाः<br>हाम्रो कर प्रणाली स्वयं कर निर्धारणमा आधारित प्रणाली हो । तसर्थ, करदातालाई आफ्नो कारोबार एवं व्यवसायको आफैले सही एवं यथार्थपरक ढंगले लेखाङ्कन तथा प्रतिवेदन गर्न सक्षम तुल्याउनु करदाता सेवा एवं शिक्षाको मूल ध्येय हो । विद्यमान कर कानूनको परिपालनामा करदातालाई उत्प्रेरित गराउन उत्कृष्ट सेवाको |

| | | |
|---|---|---|
| | | सुनिश्चितता प्रदान गर्दै लागत कटौतिको माध्यमद्वारा कर सहभागितामा वृद्धि ल्याई प्रकियागत सरलीकरणको उचित प्रवन्ध गर्न सकिएमात्र स्वेच्छिक कर सहभागिता वृद्धि भई आन्तरिक राजस्व परिचालनमा सकारात्मक प्रभाव पर्दछ । यस शाखाले करको दायरामा वृद्धि गरी स्वेच्छिक कर सहभागितामा बढोत्तरी ल्याउनका लागि करदाता सेवा तथा शिक्षा जस्ता अत्यावश्यकीय कार्यहरु गर्ने गराउने गर्दछ। यसै सन्दर्भमा विभागीय तहबाट प्रदान गर्नुपर्ने करदातासँग सरोकार राखे सेवाहरु छिटो, छरितो एवं लागत प्रभावी हिसावले गुणस्तरीय ढंगबाट प्रदान गर्न र विभाग मातहतका कार्यालयहरुको करदाता सेवा सम्बन्धी कार्यको अनुगमन लगायतका कार्यको लागि यस शाखाले आवश्यक नेतृत्वदायी भूमिका निर्वाह गर्ने गरेको छ । करको दायरा विस्तार, करदाता शिक्षा एवं सेवा, सुविधा प्रदान गर्ने कार्यको प्रभावकारी कार्यान्वयन र सोको अनुगमन, निरीक्षण गरी प्राप्त पृष्ठपोषणका आधारमा गर्नुपर्ने सुधारका सम्बन्धमा निर्वाह गर्नुपर्ने भूमिकाका लागि यस शाखामा कर अधिकृत र अन्य सहायक कर्मचारी(ना.सु., डाईसु)हरु रहने व्यवस्था छ । करदाताको सन्तुष्टि नै यस शाखाको लक्ष्य र कार्य सम्पादनको आधारका रुपमा रहेको छ।<br><br>संकलन शाखाः<br>आन्तरिक राजस्व विभागबाट प्राप्त राजस्व संकलन तर्फको वार्षिक कार्य सम्पादन सूचक अनुरुप नै यस कार्यालयका लक्ष्य, उद्देश्य र कार्यनीतिहरु परिलक्षित रहेका छन्। कार्यलायका प्रत्यक्ष परोक्ष गतिविधि एवं जिम्मेवारीहरु राजस्व संकलन तर्फ नै केन्द्रित रहेका हुँदा सोही मुलभुत उद्देश्य हासिल गर्नका निमित्त कर संकलन शाखा क्रियाशिल रहेको छ । कर संकलन शाखामा एक जना कर अधिकृत र एक जना नायव सुव्वा जिम्मेवारीमा रहेको अवस्था छ ।<br>आफ्नो नाममा सिर्जना भएको कर दायित्व लामो समयसम्म नतिरी दायित्व बाँकी राखे करदाताहरुको लगत अद्यावधिक राखी बक्यौता रहेको आयकर र मूल्य अभिवृद्धि कर असुल गर्न पत्राचार गर्ने, कारोवार एवं सम्पत्ति रोक्का राखे, सम्पत्ति कब्जा तथा लिलामी |

| | | |
|---|---|---|
| | | लगायत प्रकृया पूरा गरी अदालतमा मुद्दा दायर गर्ने जस्ता बक्यौता असुली सम्बन्धी कार्य समेत यस शाखाको जिम्मेवारीका रुपमा रहेको छ।<br><br>बेरुजूतर्फः<br>यस कार्यालयमा कायम रहेको बेरुजुको नियमित तथा असुली गर्नु पर्ने बेरुजुको वर्गिकरण गर्ने, प्राथमिकता निर्धारण गर्ने, थप कर निर्धारणहुने देखिएमा कर परीक्षण तथा अनुसन्धानका लागि सिफारिस प्रतिवेदन तयार गर्ने, बेरुजु छानविन प्रतिवेदन तयार गरी बेरुजु फस्यौंट निर्णयार्थ कार्यालय प्रमुख समक्ष पेश गरी फस्यौंट गराई थप कामकारवाहीका लागि विभागमा पत्राचार गर्ने। |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | नागरिक वडा पत्रमा उल्लेख गरिए बमोजिम रहेको छ। |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | नायव सुव्वाबाट तयार गरी सम्बन्धीत शाखाका कर अधिकृत कहाँ पेश भई प्रमुख कर अधिकृतबाट निर्णय गराई कार्य सम्पादन हुने गरेको छ। |
| ८. | सम्पादन गरेको कामको विवरण | (see table below) |

| परिसूचक | आ.व.२०८०/०८१ |
|---|---|
| व्यक्तिगत स्थायी लेखा नम्बर दर्ता संख्या | १८५७ |
| स्थायी लेखा नम्बर दर्ता संख्या | १२८ |
| मूल्य अभिबृद्धि करमा दर्ता संख्या | ४२ |
| अन्तःशुल्क इजाजत संख्या (दर्ता) | ८ |
| विथहोल्डर स्थायी लेखा नम्बर दर्ता संख्या | ० |
| पूर्ण कर परीक्षण संख्या | २ |
| प्रारम्भिक अनुसन्धान संख्या | ० |
| विस्तृत अनुसन्धान संख्या | १ |
| अग्रिम कर कट्टी परीक्षण संख्या | ६ |

<table>
<tr><td></td><td></td><td><table><tr><td>बजार अनुगमन संख्या</td><td>७८</td></tr><tr><td>अबैध मदिरा कारोबार अनुगमन संख्या</td><td>०</td></tr><tr><td>संकलन भ्रमण संख्या</td><td>४१</td></tr><tr><td>करदाता शिक्षा संख्या</td><td>५</td></tr></table></td></tr>
<tr><td>९.</td><td>कार्यालय प्रमुख र सूचना अधिकारी को नाम र पद</td><td>कार्यालय प्रमुखः विमला अधिकारी, प्रमुख कर अधिकृत<br>सूचना अधिकारीः तिलकराज बोगटी, कर अधिकृत</td></tr>
<tr><td>१०.</td><td>ऐन,नियम,निर्देशिकाको सूची</td><td><ul><li>आयकर ऐन (संशोधन सहित), २०५८</li><li>आयकर नियमावली (संशोधन सहित), २०५९</li><li>मूल्य अभिवृद्धि कर ऐन (संशोधन सहित), २०५२</li><li>मूल्य अभिवृद्धि कर नियमावली (संशोधन सहित), २०५३</li><li>अन्तःशुल्क ऐन, २०५८ र अन्तःशुल्क नियमावली (संशोधन सहित), २०५९</li><li>मदिरा ऐन, २०३१ र मदिरा नियमावली (संशोधन सहित), २०३३</li><li>आयकर निर्देशिका (संशोधन सहित), २०६६</li><li>मूल्य अभिवृद्धि कर निर्देशिका (संशोधन सहित), २०६९</li><li>अन्तःशुल्क निर्देशिका (संशोधन सहित), २०६८</li><li>विद्युतीय विजक सम्बन्धी कार्यविधि, २०७४(संशोधन सहित)</li><li>पूँजिगत लाभकर सम्बन्धी निर्देशिका (संशोधन सहित), २०७</li></ul></td></tr>
<tr><td>११.</td><td>आम्दानी/राजस्व संकलन तथा खर्च सम्बन्धी विवरण</td><td>दोस्रो त्रैमासिक राजस्व संकलन तर्फ<table><tr><td>राजस्व शिर्षक</td><td>लक्ष्य</td><td>प्रगती</td><td>प्रगति% (त्रैमासिक)</td></tr><tr><td>Income Tax</td><td>३११६०४</td><td>३०६६५५</td><td>९८।४१</td></tr></table></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| Rent Tax | ७९३० | ७८०४ | ९८।४१ |
| Interest | २६८४२ | १४२७२ | ५३।१७ |
| VAT (Internal) | १८१९८६ | १२८६०४ | ७०।६७ |
| Excise(Internal) | ३४९७ | १२६१७ | ३६०।७९ |
| | **५३१८५९** | **४६९९५२** | **८८।३६** |
| | | | |

दोस्रो त्रैमासिक खर्चतर्फ

| महिना | चालु खर्च | पुँजिगत खर्च | जम्मा खर्च |
|---|---|---|---|
| कार्तिक | १९२६३१४ | ०.०० | १९२६३१४ |
| मंसिर | २१०८१९५ | १८१९८६ | २२९०१८१ |
| पौष | २२९८६५४ | ८३६२० | २३८२२७४ |
| जम्मा रु. | ६३३३१६३ | २६५६०६ | ६५९८७६९ |

| | | |
|---|---|---|
| १२. | तोकिए बमोजिम अन्य विवरणहरु | नभएको। |
| १३. | अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण | मंसिर १ गते राष्ट्रिय कर दिवस कार्यक्रम आयोजना भएको । करदाता शिक्षा तथा कर सम्बन्धी अन्तरक्रिया कार्यक्रमहरु संचालन भएका। |
| १४. | वेवसाईट भए सोको विवरण | वेवसाईट https://ird.gov.np/branch/iro-thamel हो। साथै यस कार्यालयको Facebook Page (IRO Thamel ) मार्फत पनि जोडिन सक्नुहुन्छ । |
| १५. | वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समायवधी | प्राय सूचना तथा कर सम्बन्धी जानकारीहरु Pro Active Disclosure कै रुपमा संप्रेषण भै रहेको छ। |
| १६. | सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषय | हाल सम्म नभएको।प्राय सूचना तथा कर सम्बन्धी जानकारीहरु Pro Active Disclosure कै रुपमा संप्रेषण भै रहेको छ। |

| | | |
|---|---|---|
| १७. | सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण | आर्थिक ऐन २०८० र सोसँग सम्बन्धित विभिन्न शुल्कहरुसँग सम्बन्धित कार्यविधिहरु यस विभागको वेभसाईटमा राखिएको । अद्यावधिक गरिएका कर सम्बन्धी विभिन्न ऐन र नियमावलीहरु वेभसाईटमा राखिएको।<br>समय समयमा यस कार्यालयबाट प्रकाशन हुने कर सम्बन्धी सूचना ,उल्लेखनीय समाचार एवं जानकारी तथा सन्देशमूलक सूचनाहरु प्रवाह गर्ने गरिएको । |
| *थप जानकारीका लागि कार्यालयको Facebook Page Inland Revenue Office,Thamel हेर्नुहोला।* | | |